नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## G 9 जातको केरा बिरुवाको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २९/२०७९/८०

दोस्रो पटक सूचना प्रकाशित मिति: २०७९/१२/२९

यस एकाइको चालु आ.व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नवलपरासी (ब.सु.प.) को केरा जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल बिस्तार कार्यक्रमको लागि माग भएको टिस्युकल्चर प्रबिधिबाट उत्पादन भएको G 9 जातको केरा बिरुवाको मूल्य सूची उपलव्ध गराउनको लागि G 9 जातको केराको बिरुवाको आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुबाट पहिलो पटक सूचना प्रकाशन गर्दा प्राप्त भएका प्रस्तावहरुले तोकिएको मापदण्ड अनुसारको कागजात पूरा नगरेको पाइएकोले G 9 जातको केराको बिरुवाको आपुर्तिकर्तानर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले तपशिल बमोजिमको आवश्यक कागजात सहित सूचना प्रकाशन भएको १५ दिन भित्र सार्वजनिक खरिद नियमावली, २०६४ दफा ८४ को उपदफा ३ (क) बमोजिम पुनः दोस्रो पटक सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। पुनश्चः सम्बन्धित संस्थाले यस कार्यालयमा सूचिकृत भई G 9 जातको केरा बिरुवाको मूल्य सूचि प्रस्ताव फारम कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ।

<u>तपशिल</u>

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देही वा जोन प्राबिधिक एकाइ, नवलपरासी (ब.सु.प.) मा संस्था सूचिकृत गरीप्रस्ताव पेशगर्नुपर्नेछ ।

२. रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ फर्म/कम्पनीको दरभाउ-पत्र साथ फर्मको इजाजत पत्र प्रतिलिपि, प्यान प्रमाणपत्र प्रतिलिपि, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, विरुवाको गुणस्तरीयताको सिफारिस पत्र, टिस्युकल्चर प्रयोगशालाको बिरुवा उत्पादन स्थलको रङ्गिन फोटो र बिरुवा उत्पादन र बिक्रि बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ।

३. G 9 जातको केरा बिरुवा आयत गरी आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले वीउ विजनगुणस्तर तथा नियन्त्रण केन्द्रबाट प्राप्त आयात अनुमतिपत्र तथा क्वारेन्टिनसँग सम्बन्धी सम्पूर्ण कागजातहरु पेश गर्नु पर्नेछ।

४. G 9 जातको केराको बिरुवाको तपशिल अनुसारका स्पेशिफिकेशनमा मात्र बिरुवा उपलव्ध गराउने प्रतिबद्धता जनाउनु पर्नेछ।

तपशिल:

- राम्रोसँग जर्खराइएको बिरुवाको न्यूनतम उचाइ ३० सेन्टिमिटर हुनुपर्छ र कडा भएको ४५-६० दिनपछि त्यसको pseudostem को परिधि ५.०-६.० सेन्टिमिटर हुनुपर्नेछ।
- बिरुवाको कम्तीमा ५ वटा Photosynthetic रूपमा सक्रिय पातहरू हुनुपर्छ र अन्तर पातहरू ५.० सेन्टिमिटरको दुरी भन्दा कम हुन नहुने।
- बिरुवाको Secondary hardening को अवस्थाको अन्त्य सम्ममा करिब २५-३० वटा सक्रिय जराहरू हुनुपर्नेछ।
- सक्रिय जराहरूको लम्बाइ १५ से. मी. भन्दा बढी हुनुपर्छ र सहायक जराको राम्रो विकास भएको हुनुपर्नेछ।
- विरुवा भएको poly bag मा ३/४ भाग Potting media ले भरिएको हुनुपर्नेछ।
- बिरुवाहरूमा Leaf spot, Pseudo stem rot र Physical deformations जस्ता कुनै पनि लक्षणको दृश्य देखिन नहुने।
- बिरुवाको जरामा रोग/परजीवीहरू जस्तैः Erwina rot, Nematode lesions र Root knots को संक्रमणबाट मुक्त रहेको हुनुपर्नेछ।
- असामान्य वृद्धि नदेखाएको विरुवाहरु मात्र हुनुपर्नेछ।

५. प्राप्त दरभाउको मूल्य सूचिको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका केरा बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले विरुवा खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता नर्सरी/कम्पनी/फर्मले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.npफोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१,९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।